नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वन तथा भू-संरक्षण विभाग

बबरमहल, काठमाडौं

## स्थानीय तहसंगको साझेदारीमा सहरी वन विकास कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।०५।१८

यस विभागको चालु आ.व. २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सहरी बसोवास क्षेत्रमा हरियाली न्यून र जनसंख्या बृद्धि दर उच्च भएका स्थानीय तह (महानगरपालिका, उप-महानगरपालिका र नगरपालिका) मा वन र वातावरण संरक्षणमा सहयोग पुर्याउने गरी सहरी क्षेत्रमा हरियाली प्रवर्द्धन तथा रमणीय वातावरण विकास गर्नका लागि **स्थानीय तहसंगको साझेदारीमा सहरी वन विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक स्थानीय तहहरुले **"स्थानीय तहसंगको साझेदारीमा सहरी वन विकास कार्यक्रम संचालन कार्यविधि-२०७७"** को अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन (२०७८।०६।७ को कार्यालय समय) भित्र वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाडौंमा प्राप्त हुने गरी शिलबन्दी परियोजना प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो प्रस्ताव आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त हुन नआएको वा रीत नपुगेको प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

द्रष्टव्यः

१. प्रस्तावित आयोजनाको लागि कूल लागतको कम्तिमा ३० प्रतिशत लागत साझेदारी सम्बन्धित स्थानीय तहले अनिवार्य गर्नुपर्नेछ ।

२. प्रस्तावले समेटनु पर्ने विषयवस्तु, समावेश गर्नुपर्ने कागजातहरु र प्रस्तावको ढाँचा सम्बन्धमा यस विभागको वेवसाइट www.dofsc.gov.np मा रहेको **"स्थानीय तहसंगको साझेदारीमा सहरी वन विकास कार्यक्रम संचालन कार्यविधि-२०७७"** अध्ययन गर्नुहुन र सोही अनुसार प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।